# राष्ट्रिय प्रकृति संरक्षण कोष

केन्द्रीय कार्यालय, खुमलटार, ललितपुर

## सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

(प्रकाशित मिति २०७५ भाद्र १४ गते विहीबार)

यस कोषद्वारा सन् २०१९ (वि.सं. २०७५।०७६) को क्यालेण्डर (भित्तेपात्रो) ७,००० (सात हजार) थान सिलबन्दी दरभाउपत्रको माध्यमबाट छपाई गरी खरीद गर्नु पर्ने भएकोले ईच्छुक नेपाल सरकारबाट मुद्रण सम्बन्धी ईजाजत प्राप्त तथा मूल्य अभिवृद्धि करमा दर्ता भई २०७३।०७४ को कर चुक्ता भएका फर्म/कम्पनीहरुबाट यो सूचना प्रकाशित भएको मितिले २०७५ भाद्र २९ गते भित्र रितपूर्वकको सिलवन्दी दरभाउपत्र आह्वान गरिएको छ। आ.ब. २०७४।०७५ को फर्म नविकरण प्रमाण पत्र तथा आयकर चुक्ता प्रमाण पत्रको प्रतिलिपि साथ निवेदन पेश गरी सिलबन्दी दरभाउपत्रको फाराम कोषको केन्द्रीय कार्यालय, खुमलटार, ललितपुरबाट रु. १०००।- (एकहजार) फिर्ता नहुने गरी तिरी खरिद गर्न सकिने छ। यो सूचना प्रकाशित भएको मितिबाट २०७५ भाद्र २८ गते सम्म कार्यालय समय भित्र सिलबन्दी दरभाउपत्रको फाराम खरिद गरी २०७५ भाद्र २९ गतेको मध्यान्न १२:०० बजे भित्र सिलवन्दी दरभाउपत्र दर्ता गरी सक्नु पर्नेछ। दर्ता भएका दरभाउपत्रहरु २०७५ भाद्र २९ गते दिनको १४:०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा कोषको केन्द्रीय कार्यालयमा खोलिनेछ। दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन। दर्ता हुन आएका दरभाउपत्रहरु स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कोषमा निहित रहने छ। यस सम्बन्धि विस्तृत सूचना कोषको केन्द्रीय कार्यालय, खुमलटार, ललितपुरको सूचना पाटिमा टाँस गरिएको छ।